# १० यहुदी र गैर यहुदी अर्थात् सारा मानवजातको निम्ति समावेशी मुक्ति

***यस अध्यायको निम्ति पढ्नुहोस्:*** रोमी ९

***स्मरण गर्नुपर्ने पद:*** "त्यसकारण परमेश्वरले जे गर्न चाहनुहुन्छ सो गर्नुहुन्छ। एक जनालाई दया देखाउनुहुन्छ भने अर्कोलाई हठी बनाउनुहुन्छ।" (रोमी ९:१८बाट रूपान्तरित)।

यसरी लेखिएको छ, "मैले एसाव सट्टा याकूबलाई चुनें"।....परमेश्वरले मोसालाई भन्नुभयो, 'जसलाई कृपा देखाउन चाहन्छु त्यसलाई म कृपा देखाउँछु। जसलाई म प्रेम देखाउन चाहन्छु त्यसलाई प्रेम गर्छु।'" (रोमी ९:१३,१५)।

पावलको उपर्युक्त भनाईको तात्पर्य के हो? हाम्रो आत्मनिर्णयको अधिकार र चुन्ने स्वतन्त्रता खोइ त? यी कुराहरू नभइकन हामीले गरेको बिश्वासको खासै मतलब हुँदैन। के परमेश्वरलाई चुन्ने र इन्कार गर्ने स्वतन्त्र अधिकार हामीलाई दिइएको छैन र? अर्थात् कोहि मानिसहरूलाई मानौं भाग्यको खेल भन्ने फन्दामा पारेर मुक्ति दिने र आफूले व्यक्तिगत रूपमा परमेश्वरलाई विश्वास गरेपनि मुक्तिबाट वँचित हुने- के ती पदहरूले यहि आभास दिइरहेका छन् त?

ती प्रश्नका जवाफहरू पाउन हामीले पावलको कथनमा अझ गहिरिएर अध्ययन गर्न पर्दछ। पावलले मुक्तिको योजनाको बारेमा प्रस्तुत गरेका तर्कहरूलाई निरन्तरता दिएको हामी पाउँछौं। परमेश्वरको राज्यको सुसमाचार सुनाउने अभिभारा कसलाई दिने हो भन्ने अधिकार परमेश्वरमै निहित भएको छ भनेर पावलले आफ्नो तर्क अगाडि सार्दछन्। सारा संसारमा सुसमाचार प्रचार गर्ने पूर्ण अभिभारा परमेश्वरले नै वहन गर्नुभएको परिप्रेक्ष्यमा त्यस काममा कसलाई खटाउने भनेर के उहाँले चुन्न सक्नुहुन्न र? मुक्ति पाउने अवसरबाट उहाँले कसैलाई पनि वँचित गर्नुभएको छैन। त्यसकारण उहाँको कार्यकिलापले मानिसको आत्मनिर्णयमा हस्तक्षेप भएको हामी पाउँदैनौं। अझ अति महत्वपूर्ण कुरो त, येशू ख्रीष्ट सारा मानव जगत (पुरुष, महिला र बालबालिकाहरू)को निम्ति मर्नुभयो भन्ने महान सत्यसँग पावलको कथनले असहमति जनाउँदैन। प्रत्येक व्यक्तिले मुक्ति पाउन् भन्ने परमेश्वरको चाहना हो।

निश्चित कामको निम्ति परमेश्वरले बोलाइएकाहरूको व्यक्तिगत मुक्तिको बारेमा पावलले रोमी ९मा छलफल गरिरहेका होइनन् भन्ने कुरालाई हामीले सम्झनु पर्दछ। यदि यो कुरा बुझ्न सक्यौं भने हामीले रोमी ९ अध्याय राम्ररी बुझ्नसक्छौं।

## १. पावलले बोकेक वोझ (प्रस्थान १९:६)

यस संसारमा आफ्ना व्यक्तित्वलाई प्रतिविम्व गर्न मुर्ती बनाएर परमेश्वर यहि हो भनेर आराधाना गर्नेहरूले भरिएको छ, प्रकृतिका सृष्टिकर्तालाई पन्छाएर प्रकृतिलाई नै शक्ति मानेर पुजा गर्ने गलत प्रवृत्तिहरूले राज्य जमाएको छ र ज्ञान विज्ञानलाई सर्वोच्चता मानेर अन्धकारमा दुनिया भौंतारिएको छ। परम पिता सनातनका परमेश्वर तथा सारा जगतका सृष्टिकर्तातिर औंल्याउने प्रचारकहरूको परमेश्वरलाई आवश्यक भएको थियो। संसारको निम्ति उज्यालो ज्योति बन्न परमेश्वरले इस्रायली जातिहरूलाई चुन्नु भएको थियो। आफ्नो अस्तित्व ती जातिहरूबाट विभिन्न रितले देखाउनुभएको थियो। विश्वको सारा जनसमुदायको निम्ति ती जातिलाई अनुकरणीय उदाहरण बनाउने उहाँको योजना थियो। तिनीहरूबाटै नै सत्य जीवित परमेश्वरतर्फ सारा जनमानस आकर्षित होस् भन्ने उहाँको चाहना थियो। ती यहूदी जातिहरू परमेश्वरको चरित्रको नमूना हुन् भन्ने उहाँको उद्देष्य थियो। तिनीहरूको जीवनबाट सारा मानिसहरू उहाँमा चासो बढाउने प्रावधान थियो। पवित्र मन्दिरमा प्रयोग गरिएको विभिन्न बलिप्रथाको शिक्षादिक्षाबाट सारा राष्ट्हरूले येशूको सम्मान गरिनुपर्ने थियो। अनि सबै मानिस जो उहाँकहाँ आउँछन् तिनीहरूले अनन्त जीवनको उपहार पाउनुपर्ने थियो। जब तिनीहरूको जनसंख्या र आशिष बढदै जान्छन् तिनीहरूको सिमाना पनि बिस्तार गर्दै सारा संसारमा ढाकिनु पर्ने थियो। प्रस्थान १९:६मा मोसाद्वारा परमेश्वरले यो इच्छा व्यक्त गर्नुभएको पाउँछौं: "तिमीहरू मेरो निम्ति पूजारीहरूको एक राज्य र एक पवित्र जाति हुनेछौं। इस्रायलीहरूलाई तिमीले भन्नुपर्ने कुरा यहि नै हो।"

मानविय असफलताको बाबुजुद पनि परमेश्वरको विश्वसनीयता कसरी झल्किरहेको छ भनेर पावलले रोमी ९:१-१२ हामीलाई देखाइरहेकाछन्?

टुक्रा टुक्रालाई जोड्दै आफ्नो तर्कको संरचना पावलले गरिरहेको हामी पाउँछौं। परमेश्वरले इस्रायलीहरूसँग गर्नुभएको वाचा

पूर्ण रूपमा असफल भएन भनेर पावलको आफ्नो धारणा पछि व्यक्त गरेको पाउँछौं। आफ्ना कामलाई विस्तार गर्न र आफ्ना उद्देष्यलाई पूरा गर्न बचेखुचेका निष्ठावान सानो झुण्डलाई अझ प्रयोग गर्दै हुनुहुन्छ। ती सानो तर निष्ठावान समूहको अस्तित्वको पक्षमा तर्कवितर्क गर्न पावलले इस्रायलको इतिहास पल्टाउँछन्। परमेश्वरले सधैं होशियारसाथ मानिसलाई चुन्नुहुन्छ भनेर उनले देखाएका छन्ः (१) अब्राहमका सबै सन्तानलाई उहाँको विषेश जन हुन परमेश्वरले चुन्नु भएन, तर केवल इसाहाकको वंशलाई मात्र। (२) फेरि इसाहाकको सबै वंशलाई चुन्नु भएन केवल याकूबको वंशमात्र। तर त्यस चुनिएका वंशका सन्तान हौं भन्दैमा मुक्ति पाउने जमानत वा ग्यारेन्टी हुने होइन भन्ने तथ्य पनि सबैले बुझ्नु आवश्यक छ। तपाईंको रगतमा उच्चकोटिका परिवारका होलान्, तपाईंको परिवार ठिक तथा सम्माननिय होलान्,, तपाईं ठिक चर्चको सदस्य पनि हुनुहोला, तर मुक्तिको योजनामा तपाईं बाहिरिन पनि सक्दछन्। वंश तथा वातावरणको आधारमा होइन तर विश्वासको आधारमा र प्रेमले परिचालित आस्थाको आधारमा मात्र करार अर्थात् वाचाका संतान हुन पाइन्छ (रोमी ९ः८ रूपान्तरित)।

रोमी ९ः८मा यसरी लेखिएको छः “यसको अर्थ शरीरबाट जन्मेकाहरू (अर्थात् रगतको नाताबाट) परमेश्वरका सन्तान होइनन्। तर करारबाट उत्पन्न भएकाहरू नै अब्राहमका सन्तान हुन्।" हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूको निम्ति यो पदमा के महत्वपूर्ण शन्देश समावेश भएको पाउँछौं?

## २. चुन्निएको (रोमी ९ः१२,१३)

अरू महत्वपूर्ण कुरोलाई नबुझेसम्म रोमी ९लाई उचित रूपमा बुझ्न सम्भव छैन भनेर अघि नै उल्लेख गरिएको छ। कुनै व्यक्तिले मुक्ति पाउँछ, कुनैले पाउँदैन भनेर पावलले भनिरहेका छैनन् भन्ने तर्कमा हामी सहमत हुनुपर्दछ। आफ्ना कामको निम्ति परमेश्वरले चुन्नुभएका विषेश मानिसहरूको अभिभाराको बारेमा पावलले तर्क प्रस्तुत गरिरहेका थिए। परमेश्वरले याकूबलाई चुन्नु भयो किनभने उनको सन्तान यस्तो विषेश समूह होस् जसले सारा संसारमा परमेश्वरको सुसमाचार सुनाउने जिम्मेवारी बोकुन्। तर एसावले मुक्ति पाउँदैन भनेर रोमी ९ः१२,१३मा

कहिँपनि उल्लेख गरिएको छैन। जसरी सारा मानिसले उद्धार पाउन् भन्ने परमेश्वरको चाहना थियो त्यस्तै चाहना एसावप्रति पनि थियो।

हामीले जुन कुरालाई तुलना गरेर अध्ययन गरिरहेका छौं, त्यसलाई मध्य नजर राख्दा रोमी ९:१४,१५लाई हामीले कसरी बुझ्ने?

कुनै मानिसले उद्धार पाउँदैन भनेर पावलले भनिरहेको छैनन्। किनभने मुक्तिको योजनामा परमेश्वरले सबैलाई उत्तिक्कै कृपा देखाउनुभएको छ। "हरेक व्यक्तिले उद्धार पाउन् भन्ने परमेश्वरको चाहना हो।" (१ तिमोथी २:४ रूपान्तरित)। "पापबाट राहत दिने परमेश्वरको अनुग्रह अर्थात् उद्धारको निम्ति परमेश्वरको अनुग्रह वा कृपा सारा मानिसहरूको अगाडि देखापरेका छन्" (तितस २:११ रूपान्तरित)। तर परमेश्वरले कुनै देश वा वंशलाई आफ्नो काम सम्पन्न गर्न चुन्नु सक्नुहुन्छ। परमेश्वरले खटाउनुभएको जिम्मेवारीबाट तिनीहरू आफ्नै इच्छाले हट्न सक्दछन्, तर तिनीहरूले परमेश्वरको छनौटलाई रोक्न सक्दैनन्। एसाबले जतिसुकै अथक प्रयास गरेतापनि मसिह अर्थात् परमेश्वरले चुन्नुभएको उद्धारकर्ता आउनेको पुर्खा हुन सक्दैनथ्यो, न त परमेश्वरले आफ्नो कामको निम्ति जिम्मेवारी बोक्ने वंश।

तर अन्तमा, एसाबले मुक्ति नपाउने ढोका परमेश्वरले होइन आफैले बन्द गरेको थियो। येशूद्वारा पाउने अनुग्रहको बरदान सबैलाई मुफ्तै प्रदान गरिएको छ। कोहि पनि नाश नहोस् तर सबै जनाले मुक्ति पाउन् भनेर हामी सबैलाई परमेश्वरले चुन्नुभएको छ (एफिसी १:४, ५, २ पत्रुस १:१०)। येशूबाट पाउने अनन्त जीवनको प्रतिज्ञाबाट वंचित रहने वा उपभोग गर्ने अभिभारा हामीलाई नै सुम्पिएको छ। हाम्रै आत्मनिर्णयले येशूमा पाउने नयाँ जीवन चुन्छ वा चुन्दैन। परमेश्वरले हामीलाई मेशिनबाट चल्ने यान्त्रीक मानव होइन तर विवेकशील मानिस सृष्टि गर्नुभएको छ। यदि हामीले आफ्नै चाहनाबाट परमेश्वरको अनुकम्पालाई अश्विकार गरेर यस संसारमा नरकिय जीवन बिताउन चाहन्छौं र अनन्त जीवनमा सहभागी हुन चाहन्नौं भने त्यो हाम्रै चाहनाको उपज हुन जान्छ, यसमा परमेश्वरको केहि दोष हुँदैन। येशूख्रीष्टले हरेक व्यक्तिको निम्ति दुःख, कष्ट भोग्नुभयो, मर्नुभयो, बलि हुनुभयो। तर त्यस मुक्तिको योजनालाई उपभोग गर्न बाइबलमा केहि नियमहरू वा आचारसंहिताहरू छन् जसको सूची परमेश्वरले दिनुभएको

छ। ती मध्ये एउटा नियम त यो छ येशू ख्रीष्टमाथि विश्वास गरून्। यस विश्वासले पापीको पाप क्षमा हुन्छ, र यसको फलस्वरुप त्यसले परमेश्वरका आज्ञाहरूलाई सहस्र पालन गरेर आफ्नो जीवनलाई अघि बढाउँछन्।

याद गर्नुहोस् संसारको उत्पत्ति हुनुभन्दा अघि र तपाईंकै जन्मभन्दा अघि येशूमा तपाईंले मुक्ति पाउनुहोस् भनेर तपाईंलाई परमेश्वरले चुन्नुभएको थियो। मुक्तिको आह्वान तपाईंलाई नै दिइएको छ, परमेश्वरले तपाईंलाई नै चुन्नुभएको छ। यो अवसर परमेश्वरले तपाईंलाई येशूद्वारा दिनुभएको छ। यो हाम्रो कस्तो सौभाग्य हो, कस्तो आशामा हामी पर्न सक्छौं ! यस महान् प्रतिज्ञाको सामु अरू सबै थोक किन निकम्मा हुन्छन्? तपाईंको पाप, स्वार्थपना र शारीरिक अभिलाषाले मात्र परमेश्वरले दिने मुक्तिबाट तपाईं हटेर जान्छन् । ती तत्वहरूबाट परमेश्वरको अमूल्य उपहारलाई पर राख्न लगाएर बाहिरि अनुहारमा मश्कीलले मुशकराहत देखाउने तर भित्री जीवनमा निरन्तर असंतुष्टी भएर जीउने लक्ष्य लिएर बाँच्दा असफलको आभास पाउनु जस्तो भयङ्कर वेहालको जीवन तपाईंको निम्ति अरू केहि होला र?

## ३. रहस्यहरू (यशैया ५५:८,९)

अझसम्म हामीले अध्ययन गरेको आधारमा रोमी ९:१७-२४लाई पावलले के के कुरालाई औंल्याइरहेको हामी पाउद्छैं?

केहि हजार वर्ष अघि यहूदीहरूलाई मोसाको नेतृत्वमा इजीप्ट अर्थात् मीश्र देशबाट परमेश्वरले उद्धार गर्नुभएको थियो। ती इस्रायली अर्थात् यहूदीहरूलाई मीश्र देशका राजाले दास बनाएर त्रासपूर्ण वातावारणमा बाच्न वाध्य बनाएका थिए। त्यसबेला परमेश्वरले ती मीश्रीहरूलाई कस्तो व्यवहार गर्नुभयो भनेर केहि हदसम्म पावलले हामीलाई सुचित गरेको पाउँछौं। परमेश्वर सारा जनहरूलाई उद्धार गर्न हरसमय कार्यरत भइरहनुभएको थियो। परमेश्वरको त्यो कार्य केवल निश्चित समयको निम्ति नभएर सदाको निम्ति थियो। मीश्र देशका मानिसहरूलाई विभिन्न विपदहरू पठाएर उहाँको उपस्थितिको आभास दिनुभएको थियो। आफ्ना जनहरूलाई दासत्वबाट छुटकारा दिनुभएर तिनीहरूप्रति आफ्नो स्नेहको प्रदर्शन गर्नभएको थियो। इस्रायलका अर्थात् यहूदीहरूका परमेश्वर सत्य जीवित र शक्तिशाली हुनुहुन्छ भनेर विभिन्न घट्नाहरूबाट मीश्र देशवासीहरूलाई देखाउनुभएको थियो।

सृष्टिका वस्तुहरू र आफूले सृजना गरेका विभिन्न देवी देवताहरूबाट अलग भएर उहाँलाई मात्र आराधाना गर्न अरू राष्ट्का मानिसहरूलाई आह्वान गरिने तरिका परमेश्वरले अपनाउनुभएको थियो।

स्पष्ट रूपमा भन्ने हो भने इजीप्टका सम्राटले परमेश्वरको खिलाफमा जाने निधो गरिसकेका थिए। "उसको हृदयलाई कठोर" पार्नुभयो भन्ने वाक्यलाई कतिपय मानिसहरूले गलत सम्झन सक्छन्। तर उनले मुक्ति पाउने अवसर परमेश्वरले वँचित गर्नुभएको थिएन। इस्रायलीहरूलाई आफ्नो आधिपत्यबाट छुटकारा नदिन फारो राजाले निर्णय गरेर आफ्नो हृदयलाई कठोर बनाइसकेका थिए। परमेश्वरले दिनुभएको व्यक्तिगत मुक्तिबाट पर रहन उहाँले उनको हृदय कठोर पार्नुभएको थिएन तर अरूलाई दमन गर्ने उसको आत्मनिर्णयलाई परमेश्वरले जवरजस्ती बदल्न चाहनुभएको थिएन। मोसा, हारुन र सारा इस्रायलका सन्तानहरूको निम्ति मात्र होइन त्यस वंशबाट अलग रहेका फारोको निम्ति पनि येशू मर्नुभएको थियो।

हामी पापी मानव जात हौं, त्यसैकारणले परमेश्वरको परिधि र यस संसारमा उहाँले कसरी काम गरिरहनुभएको छ भन्ने ज्ञान हामीमा सिमित नै छ भन्ने महत्वपूर्ण कुरालाई हामीले विर्सनुहुन्न। प्राकृतिक सम्पदाहरूमा लुकिएका कतिपय रहस्यमय कुराहरूलाई त हामीले बुझ्न सकेका छैनौं भने तिनीहरूलाई सृष्टि गर्ने परमेश्वरको बारेमा सबै थोक थाहा पाउन हामीले कसरी अपेक्षा गर्न सक्छौं र? उदाहरणमा, केवल विगत १५० वा २०० वर्षमात्र भयो चिकित्सकहरूले शल्यक्रिया गर्दा हात धुनुपर्छ भन्ने ज्ञान असलै भएको तिनीहरूले थाहा पाएका थिए। यसले हामीलाई कति थोरै कुराहरूको ज्ञान हामीमा रहेछ भनेर थाहा पाउँछौं। र समय रहेमा हामीले भविष्यमा कतिपय नयाँ कुराहरू पत्ता लगाउँदै जानेछौं जसले गर्दा आज हामीलाई जे थाहा छ त्यो कस्तो सिमित ज्ञान रहेछ भनी हामी भेलीका दिनहरुमा महशुस गर्नेछौं।

निश्चय नै परमेश्वरका सबै मार्गहरू हामीलाई थाहा छैनन्, तर परमेश्वर कस्तो हुनुहन्छ भन्ने उहाँको स्वभावलाई देखाउन येशू आउनुभएको थियो (यूहन्ना १४:९)। येशूको चरित्र, परमेश्वरको बारेमा उहाँले देखाउनु भएको विविध क्रियालापहरू र हाम्रै लागि पनि देखाउनुभएको प्रेमलाई हरदम मनन गर्न किन महत्वपूर्ण मान्नुपर्छ?

अनुचित रूपमा हामीले दु:ख सहनु परेतापनि परमेश्वरको चरित्रलाई अध्ययन गर्दा उहाँमाथि निष्ठावान हुन कसरी सघाउँद्छ?

## ४. AMMI (अम्मी): "मेरा जनहरू" (रोमी ९:२५-२९)

रोमी ९:२५मा पावलले परमेश्वरको भविष्यवक्ता होशेले लेखेका पुस्तकको २ अध्यायको २३ पद उदृध गर्दछन्। रोमी ९को २६मा होशे १:१० उदृध गर्दछन्। यसमा लेखिएको छः "जुनहरू मेरा मानिस थिएनन्, तिनीहरूलाई म मेरा प्रजा तुल्याउनेछु। र जसलाई मैले प्रेम गरेको थिइँन त्यसालाई म प्रिय भन्नेछु। अनि जहाँ तिमीहरू मेरा प्रजा होइनौं भनि तिमीहरूलाई भनिएको थियो, त्यहाँ त्यहिँ तिनीहरू जीवित परमेश्वरका सन्तान कहलाइनेछन्।" (रोमी ९:२५,२६)। यसको पृष्टभुमी यो थियोः पछि वेश्या हुने स्त्रीलाई विवाह गर्न होशेलाई परमेश्वरले निर्देशन गर्नुभएको थियो (होशे १:२ रूपमान्तरित)।
यथार्थमा देखाइएको यो नाटकिय घटनाले परमेश्वर र इस्रायलीहरूको बिचमा कस्तो सम्वन्ध रहेछ भनेर देखाएको थियो। सारा इस्रायल देश जसले सृष्टिकर्ता सनातनका परमप्रभु परमेश्वरको उपासना गर्नुको सट्टा आफैले रचेका असत्य देवीदेवताहरूको आराधना गरेका थिए। होशे र उनको पत्नीबाट जन्मेका सन्तानको नामङ्करण नै परमेश्वरले दिनुहुने सजायँको अर्थ बुझाउँथ्यो। ती मुर्तीलाई ढोग्ने इस्रायलीहरू परमेश्वरको दण्डका योग्य थिए। ती मध्ये तेश्रो पुत्रको नाउँ थियो, लाओमी (होशे १:९)। उसको नाउँको अर्थ थियो, "मेरा प्रजा होइन"।

परमेश्वरका जनहरूलाई सजाय दिएपछि त्यो समय आउनेछन् जब परमेश्वरले तिनीहरूलाई स्वीकार गर्नुहुनेछ भनेर होशेले भविष्यवाणी गरेका थिए। परमेश्वरले तिनीहरूबाट असत्य देवीदेवताहरू हटाइदिनुहुनेछ र तिनीहरूसँग नयाँ सम्झौता वा करार गर्नुहुनेछ। (होशे २:११-१९ पढ्नुहोस्)। यस समय तिनीहरू लोआमी (Loammi) अर्थात् "मेरा जनहरू होइनन्"बाट आम्मी (Ammi), अर्थात् "मेरा जनहरू" हुनेछन्।

पावलको समयमा आम्मी अर्थात् परमेश्वरका जनहरू भनेर केवल यहूदीहरूलाई मात्र सम्वोधन नगरी सम्पूर्ण गैर-यहूदी अर्थात् मानव जातलाई औंल्याएको थियो (रोमी ९:२४)। यसबाट सुसमाचारको शक्तिशाली र स्पष्ट उदाहरण हाम्रो सामु राखिएको छ। यस संसारको सुरुदेखि नै सारा संसारको निम्ति यो सुसमाचारको तय

गरिएको थियो। अर्थात् परमेश्वरले मानिसहरूलाई आफ्नो बनाउने कार्यक्रम सृष्टिको सुरूमै योजना बनाउनु भएको थियो। यहि पदबाट नै प्रोत्साहित भएर हामी सेभेन्थ-डे एडभेन्टिस्ट येशूभक्तहरूले हामीलाई दिइएको अभिभारालाई सहस्र रूपमा स्विकार गर्दै आएका छौंः "मैले अर्को स्वर्गदूतलाई देखें। उनी माथि आकाशमा उडिरहेका थिए। यस संसारमा रहेका प्रत्येक मानिसलाई सदा सत्य यो सुसमाचार सुनाउन उनी आएका थिए। हरेक राष्ट्र, जाती, भाषाका विभिन्न जनहरूलाई उनले यो सन्देश सुनाएका थिए।"(प्रकाश १४:६ रूपान्तरित)। दुई हजार वर्ष अघिको पावलको समयमा मात्र होइन आज पनि मुक्तिको यो सुसमाचार सारा संसारमा फैलाउनु परेको छ।

रोमी ९:२५-२९ पढ्नुहोस्। (याद गर्नहोस्, यी पदहरूमा पावलले पुरानो करारलाई उल्लेखनिय रूपमा उदृध गरेको पाउँछौं। उनको समयमा के भइरहेको थियो सो औंल्याउन पावलले यो उपाय अपनाएका हुन्)। यी पदहरूमा भएका आधारभूत सन्देश के हुन् त? के यो आज पनि सान्दर्भिक छन् र? के पाठकवृन्धहरूले पावलको कथनमा आशाको किरण पाउनुभएको छ?

कतिपय पावलका मित्रहरू र छिमेकीहरूले उनको आह्वानलाई स्विकार गरेका थिएनन्। यसले गर्दा उनी दुःखीत भएका थिए (रोमी ९:२)। तर उनको आह्वानमा सारा जनलहर नलागेतापनि एक सानो विश्वासी र निष्ठावान झुण्ड भने लागेको थियो। हामी असफल भएतापनि परमेश्वरका प्रतिज्ञाहरू असफल हुँदैनन्। आफ्नो समयमा परमेश्वरका प्रतिज्ञाहरू पूरा हुनेछन् भन्ने कुरामा हामी आशावादी हुनसक्दछौं। यदि ती प्रतिज्ञाहरूलाई हामीले आफ्नै लागि हो भनेर दावी गऱ्यौं भने हामीमा पनि पूरा हुनेछन्।

कतिपय समयमा अरू मानिसहरू र इसाई भनाउँदाहरूले तपाईंलाई धोका दिएको अनुभव गर्नुभएको छ? कतिपय समयमा तपाईं आफैले पनि अरूलाई धोका दिनुभएको छ, वा यो मात्र होइन आफूले आफैलाई धोका दिनुभएको छ? शायद यसलाई गनेर साध्य पनि नहोला, होइन र? यी विभिन्न असफलताहरूबाट तपाईंको पूर्ण भरोसा कहाँ राख्नुपर्ने रहेछ के तपाईंले सिक्नुभएको छ?

## ५. ठक्कर खानु वा लडखडाउनु (रोमी ९:३०-३२)

रोमी ९:३०-३२मा के सन्देश दिइएको छ? अझ महत्वपूर्ण तथ्य तः, निश्चित समयमा र निश्चित स्थानमा लेखिएको यो सन्देश के हाम्रो लागि पनि सान्दर्भिक छन् त? त्यस ताकाका यहूदीहरूले गरेका भूलहरू हामीले पनि नदोहोऱ्याउन् भनेर हामी पनि कसरी सजग हुने?

परमेश्वरले इच्छा गर्नुभएको कुरामा तिनीहरू सहभागी नहुँदा के महत्वपूर्ण कुरा तिनीहरूले गुमाइरहेका छन् भनेर पावलले आफ्ना जनहरूलाई स्पष्ट पारेको यहाँ पाउँछौं। तिनीहरू के कुराका पछि लागिरहेका छन् तर के कुरा पाएका छैनन् भनेर पनि पावलले यहाँ खुलासा गरेको पाउँछौं।

गैर-यहूदीहरूलाई पनि परमेश्वरले ग्रहण गर्नुभएको परिप्रेक्ष्यमा उहाँले प्रदान गर्नुभएको उपहारको निम्ति तिनीहरूले प्रयास गरिरहेका थिएनन् भन्ने कुरो हाम्रो सबैको निम्ति चासोको विषय हो। जब तिनीहरूमा सुसमाचार आयो तब तिनीहरूले त्यसलाई वेवास्ता गरेर आफ्नै उद्देष्य र चासोमा रुमल्लिरहेका थिए। तर जब तीनीहरुले त्यस सुसमाचारको मूल्यलाई बुझे तब कतिपय गैर-यहूदीहरूले त्यसलाई स्वीकार गरेका थिए। येशू ख्रीष्ट आफ्नो मुक्तिदाता र आफ्नो सट्टामा उहाँ मर्नुभयो भनेर जब तिनीहरूले स्वीकार गरे तब परमेश्वरले तिनीहरूलाई पवित्र जन वा सन्त भनेर घोषणा गर्नुभएको थियो। तिनीहरूलाई परमेश्वरले तिनीहरूकै विश्वासको कारणले स्विकार गर्नुभएको थियो।

तर यहूदीहरू भने ठेस खाने ढुँगामा तिनीहरू ठक्कर खाएर लडे (हेर्नुहोस् रोमी ९:३३)। सबै जना त होइन तर कतिपय यहूदीहरूले नाजरथका येशूलाई परमेश्वरले पठाउनुभएको मसिह भनेर स्विकार गरेका थिएनन्। उनीहरूले अपेक्षा गरेका अनुसार येशू नहुनुभएकोले उहाँलाई स्विकार गरेका थिएनन्। त्यसकारण जब तिनीहरूको माझमा येशू प्रत्यक्ष्य देखापर्नुभयो तब तिनीहरूले आफ्ना पिठ्युहरू उहाँतिर फर्काए।

यो रोमी ९ अध्यायलाई अन्त गर्नुभन्दा अघि पावलले पुरानो करारबाट अर्को पद उद्‌ृध गरेको थियोः "यसरी लेखिएको छ, 'हेर ! शियोनको डाँडामा मैले एक शिला गाडेको छु। धेरै मानिसहरू त्यसमा ठक्कर खाएर लड्नेछन्। यहि पत्थरले तिनीहरूलाई लडाउनेछ। तर

जसले आफ्नो भरोसा परमप्रभु परमेश्वरमा राख्दछ, त्यो कहिलै पनि लज्जित हुनेछैन।" (रोमी ९:३३ रूपान्तरित)। परमेश्वरले योजना गर्नुभएको मुक्तिको पथमा विश्वाससाथ हिँड्नु कति महत्व रहेछ भनेर यी पदहरूमा पावलले उल्लेख गरेका थिए। (१ पत्रुस २:६-८ पनि पढ्नुहोस्)। कस्तो खालको शिला वा पथ्थर हो जसमा मानिसहरू ठेस खाएर लड्छन्? यद्यपि जसले उहाँलाई विश्वास गर्दछन् तिनीहरू लज्जित हुनेछैनन्। हो, धेरैको निम्ति येशू ठेस खाने पत्थर भएका थिए र अहिले पनि भैरहेका छन्। तर जसले उहाँलाई चिन्दछन् र प्रेम गर्दछन् तिनीहरूका निम्ति उहाँ अर्कै पत्थर हुनुभएको छ, त्यो हो, “मेरो मुक्तिको पत्थर" (भजन ८९:२६)।

तपाईंको जीवनमा प्रभु येशू कहिलै ठेस खाने पत्थर वा आक्रामक ढुँगा हुनुभएको पाउनुभएको छ? यदि छ भने, कसरी? तपाईंले के गर्दै हुनुहुन्छ जसले गर्दा येशू तपाईंको निम्ति यस्तो व्यक्तित्व हुनुपुग्नुभयो? यसबाट तपाईंले कसरी निकासा खोज्ने? येशूको खिलाफमा कहिलै पनि नजान तपाईंले के सिक्नुभएको छ?

**उपसंहारः**

थप जानकारीको निम्ति पढ्नुहोस्ः एलेन जी ह्वाईटद्वारा लिखित, *द ग्रेट कन्त्रोभर्सी,* पृष्ठ २६१,२६२मा उल्लेखित अंश, “लाटर इङ्गलिश रीफोर्मर्स," *द एसडिए इन्साईक्लोपिडिया,* पृष्ठ ३३०,३३१को “फेथ एण्ड वर्कस्" र *द एसडिए कमेन्टरी,* ठेली १को पृष्ठ १०९९,११००मा उल्लेखित एलेन जी ह्वाईटकै टिप्पनीहरू।

“परमेश्वरले प्रत्येक व्यक्तिलाई विषेश गरि चुन्नु भएको छ। त्यो छनौट केवल धर्मशास्त्र बाइबलमा मात्र पाइन्छ, त्यो परमेश्वरले सबैलाई मुक्तिको निम्ति चुन्नु भएको छ। कतिपयले मरे पछि मुक्ति पाइहाल्छ नी भनेर ढुक्क भएको पनि पाउँछौं। तर यस खालको छनौट बाइबलले सिकाएका छैनन्। भाग्य भए स्वर्ग जान पाई हाल्छ भन्ने गलत सोचाईमा मानिस नलागोस भनेर परमेश्वरले दिनुभएको मुक्तिको निम्ति प्रत्येक व्यक्तिलाई जिम्मेवार बनाईदिनुभएको छ। आफ्नो मुक्तिलाई गहिरो आदरभाव र त्यसलाई गुमाए कस्तो गति हुनेछ भन्ने चिन्ताको साथ पकडी राख्नुपर्दछ। विश्वासको असल लडाईं लड्न हतियारले सुसज्जित हुन उसलाई आह्वान गरिएको छ। प्रत्येक अपवित्र आकाँक्षा तथा गठवन्धनसँग भिँड्न मार्ग देखाउनुभएर परमेश्वरले

उसलाई चुन्नुभएको छ। उसको आत्माको खेलमैदानमा सैतानले कसरी आफ्नो खेल खेलिरहेका छन् भन्ने कुरामा परमेश्वरले निरन्तर रूपमा सजग गराइ रहनुभएको छ। प्रार्थनाद्वारा ऊ चनाखो भएर बस्नुपर्दछ। लगनशीलताकासाथ उसले पवित्र धर्मशास्त्र बाइबलको अध्ययन गरिरहनुपर्दछ। अनन्त जीवनलाई खतरामा राख्ने कुनैपनि आकर्षण वा प्रलोभनबाट आफू छलिरहनुपर्दछ। उसको जीवनमा हरदम विश्वास होस् भनेर परमेश्वरले उसलाई छान्नुभएको छ। परमेश्वरको मुखारबाट निस्किएको प्रत्येक वचनलाई पालन गर्न उसलाई चुनिएको छ। ऊ केवल श्रोतावर्ग मात्र होइन अर्थात् परमेश्वरको वचन सुन्नेमात्र होइन तर त्यस वचनको मुताविक चल्ने व्यक्ति पनि हुनुपर्दछ। उहाँको निर्देशनमा रहेर उहाँलाई चुन्ने कि नचुन्ने भनेर आत्मनिर्णयको अधिकार उसलाई नै सुम्पिएर परमेश्वरले उसलाई चुन्नुभएको दिक्षा बाइबलले सिकाउँदछ।"-एलेन जी ह्वाईट, टेस्टिमोनिज टु मिनिस्टरस्, र गस्पल वरकर्स्, पृ. ४५३, ४५४बाट रूपान्तरित।

"कुनै पनि मानविय दिमागले परमेश्वरको चरित्र तथा कामहरूलाई पूर्ण रूपमा बुझ्न सक्दैन। परमेश्वरलाई कुनै पनि हालतमा खोजेर हामी भेट्टाउँदैनौं (के परमेश्वर हराउनुभएको हो र?)। जतिसुकै भयङ्कर विद्वान तथा बलियो छु भनेर दावी गर्नेहरूलाई होस् वा अशिक्षित र कमजोरीहरू होस्, सबैको निम्ति परमेश्वर रहस्यमय भएर बस्नु अनिवार्य छ। "बादल र बाक्लो अन्धकारले परमेश्वरलाई ढाकिएको थियो। तर उहाँका नितिनियमहरू ठिक र उचित आचारसंहितामा निर्माण भएको छ। (भजन ९७:२ रूपान्तरित)। परमेश्वरले हामीप्रति कस्तो व्यवहार गर्नुहुन्छ भन्ने कुरालाई हामीले सिमितरूपमै थाहा पाउन सक्छौं। उहाँको असिमित शक्ति एकजुट भएको कृपालाई हामीले पूर्ण रूपमा कहिलैपनि बुझ्न सक्दैनौं। हामीले बुझ्न सामर्थ्य भएसम्ममात्र उहाँको र हामीप्रति उहाँको उद्देष्य बारेमा हामी बुझ्न सक्छौं। यो भन्दा बेसी हामीले उहाँको सर्वशक्तिशाली तथा प्रेमले भरिएको हृदयमाथि निष्ठा र भरोसा राखेर चल्नु नै हाम्रो निम्ति कल्याणकारी हुन्छ।"-एलेन जी ह्वाईट, एडुकेशन, पृ. १६९बाट रूपान्तरित।

**चिन्तनमनन:**

१. हामी जन्मनुभन्दा पहिले परमेश्वरले कसैलाई मुक्ति दिन चुन्नुभएको छ त कसैलाई छैन भनेर कतिपय इसाईहरूले सिकाउँछौं। कतिपय धर्ममा नै कर्ममा जे लेखिएको त्यहि हुन्छ भनेर लाचार मानेर आत्मिक लक्ष्यमा मानिसहरू अग्रसर हुन चाहन्दैनन्। के तपाईं पनि त्यसमध्ये एक हुनुहुन्छ जसले यो बिश्वास गर्छ मुक्ति पाउन मानिसको आत्मनिर्णयसँग सम्वधित छैन? यस्तो खालको मनस्थितिले करणीभरणी नर्क भनेर अनन्तको नर्कमा पुऱ्याउने आस्थालाई बोकाउँछ। येशूसँग मुक्तिको सम्वन्ध राख्न अघि नै परमेश्वरले चुन्नुभएको छ भनेर कतिपय मानिसहरूले उहाँलाई विश्वास गर्न नचाहेको हामी पाउँछौं। हामीले चुन्ने होइन क्यारे, कसलाई स्वर्ग पुऱ्याउने कसलाई नर्कमा पुऱ्याउन भनेर जन्मैकै बेलामा छुट्याएको भएकोले अहिले नै मोजमज्जा रमाइलो गरौं भन्ने मनस्थिति किन गलत छ? यसमा के गलत चित्रण तपाईंले पाउनुभएको छ? त्यहि ज्ञानलाई हामीले बुझ्नु र अरूले बुझ्नुमा के फरक छ भनेर हामीलाई उदाहरणद्वारा देखाइएको छ?

२. इस्रायलीहरूका पालामा यहूदीहरूलाई सुम्पेको अभिभारा र हामी सेभेन्थ-डे एडभेन्टिस्टलाई सुम्पिइएको अभिभार झण्डै त्यस्तै त्यस्तै छ भनेर हामीले कसरी बुझ्छौं? ती दुईमा के समानन्तर शिक्षादिक्षा छन्? तिनीहरूमा के फरक शिक्षादिक्षा छन्? तिनीहरूभन्दा हामीले कसरी राम्रो काम गरिरहेकाछौं? वा के तिनीहरूभन्दा अझ झन खराब गरिरहेका छौं कि? सोचविचार गर्नुहोस्।